# नगर कार्यपालिका बैठक संख्या १६

मिति २०७५ साल बैशाख २० गते

**निर्णय नं. १ :**

विगतमा भएका निर्णयहरुको समीक्षा गर्दै त्यस्ता निर्णयहरुको कार्यान्वयनको अवस्था, शिघ्र कार्यान्वयनको लागि सबै पक्षबाट खेल्नु पर्ने भूमीका र सहयोगको बारेमा विस्तृत रुपमा छलफल गरियो ।

**निर्णय नं. २ :**

**रकमान्तर सम्बन्धमा –**

(क) नेपाल सरकारले प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुबाट केही औषधीहरु निशुल्क वितरण गर्नु पर्ने व्यवस्था गरेको छ । यस नगरपालिका अन्तरगतका विभिन्न प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुबाट निशुल्क औषधी वितरण गर्नको लागि सशर्त अनुदानको औषधी खरिद शिर्षक ( बजेट खर्च शिर्षक नं. ३.०१.१७.४३) मा जम्मा रकम रु. ७,९०,०००।- बिनियोजन भएको र नगरपालिकाको आन्तरीक श्रोत तर्फको पूँजीगत शिर्षकबाट रु.८,००,०००।- बिनियोजन गरिएकोमा हाल सम्म रु. ११,९५,२३७०८ खर्च भई जम्मा रु. ३,९४,७६२।९२ मात्र बाँकी रहेको छ । अझै केही महिनाको लागि औषधी खरिद गर्नु पर्ने भएको र उक्त बचत रकमले नपुग हुने हुँदा बजेट खर्च शिर्षक नं. २.०८.५ बिबिध शिर्षकमा बचत भएको रकमबाट औषधी खरिद शिर्षकमा खैरहनी नगरपालिकाको आर्थिक कार्यबिधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७४ को दफा ९ को उपदफा (१) बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

(ख) यस नगरपालिका क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई नगरपालिका क्षेत्रभित्रको जनसंख्या, विभिन्न बर्ष समूहको संख्यात्मक विवरण, गर्भवती महिला, पूर्ण खोप लिए नलिएको संख्या, परिवार नियोजन गर्नेको संख्या र परिवार नियोजनको साधन प्रयोग गर्नेको संख्या, नेपाल सरकारले असाध्य रोग भनी तोकेको रोग लागेकाको संख्या आदिको तथ्याङ्क संकलन गर्न लगाईएको र उनीहरुलाई प्रति घरधुरी रु. २०।- को दरले पारिश्रमीक भुक्तानी दिनु पर्नेमा बजेटको अभाव भएकोले तथ्याङ्क संकलन पारीश्रमीक शिर्षकमा पदाधिकारीको भत्ता खर्च शिर्षक (शिर्षक नं. १.०२.२) बाट खैरहनी नगरपालिकाको आर्थिक कार्यबिधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७४ को दफा ९ को उपदफा (१) बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

| क्र.सं. | खर्च शिर्षकको नाम | खर्च शिर्षक नं. | बिनियोजित बजेट | घटाउने रु. | बढाउने रु. | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|
| १ | विविध | २.०८.५ | २०,००,०००।- | ५,००,०००।- | – | १५,००,०००।- |
| २ | पदाधिकारीको भत्ता | १.०२.२ | ३०,००,०००।- | ३,००,०००।- | | २७,००,०००।- |
| ३ | औषधी खरिद | ३.०१.१७.४३ | १५,९०,०००।- | – | ५,००,०००।- | २०,९०,०००।- |
| ४ | तथ्याङ्क संकलन पारीश्रमीक | | – | – | ३,००,०००।- | ३,००,०००।- |

**निर्णय नं. ३ :**

नगर कार्यपालिकाको बैठक नं. १५ बाट नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने योजनाहरुको उपभोक्ता समिति गठन, योजना सम्झौता तथा योजनाको संशोधन गर्ने अन्तिम म्याद २०७५/१/७ गते सम्म तोकीएकोमा अझै केही योजना सम्झौता हुन नसकेको हुँदा बाँकी योजनाको उपभोक्ता समिति गठन तथा योजना सम्झौता गर्ने अवधी अन्तिम पटकको लागि मिति २०७५ बैशाख मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नगर कार्यपालिकाको कार्यालयले तयार गरी प्रस्तुत गरिएको वडास्तरीय नागरिक वडापत्र संशोधन सहीत पारित गरियो । उक्त नागरिक वडापत्रलाई यथाशिघ्र प्रत्येक वडा कार्यालयमा राख्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

फोहोरमैला व्यवस्थापनको जिम्मा लिएको संस्थाले जिम्मेवारीपूर्वक कार्य नगरेको, फोहोरमैला बिर्सजन गरी रहेको स्थान वरपरका जनताको बिरोधको कारण सोको व्यवस्थापनको कार्य जटिल बन्दै गई रहेको बिषयमा बैठकमा छलफल भई नगर कार्यपालिकाको कार्यलयबाट सम्बन्धित संसथालाई सचेत गराइएको बिषय समेत जानकारी भयो । फोहोरमैला व्यवस्थापनको कार्यलाई व्यवस्थित, सर्वसाधरणलाई असर नगर्ने गरी बिर्सजन गर्ने व्यवस्था मिलाउन विपद् तथा वातावरण संरक्षण समिति तथा नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र नगरपालिका संग भएको सम्झौतालाई पूर्णरुपले कार्यान्वयन गर्न र सोही सम्झौता बमोजिम आफुले गर्नु पर्ने कार्यको कार्यतालिका तयार गरी यथाशिघ्र पेश गर्न लागाउन तथा सोही अनुसार कार्य अगाडि बढाउन लगाउने र उक्त संस्थाले फेरी पनि सम्झौताको अवज्ञा गरेमा सम्झौता बमोजिम कारबाही गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

**निर्णय नं. ६ :**

नगर कार्यपालिकाको कार्यालयले तयार गरी विधेयक समितिमा छलफल समेत भई पेश भएका निम्नानुसारका दिग्दर्शन तथा कार्यविधिहरुलाई संशोधन सहीत पारीत गर्ने निर्णय गरियो ।

- खैरहनी नगरपालिकाको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५
- प्रकोप व्यवस्थापन बिशेष कोष सञ्चालन कार्यविधि २०७५
- स्थानीय विकास बिशेष कोष सञ्चालन कार्यविधि २०७५
- मर्मत संभार बिशेष कोष सञ्चालन कार्यविधि २०७५